सूचना !                    सूचना !!                    सूचना !!!

## पी.सि.आर परीक्षण सम्बन्धी सूचना ।

उपरोक्त सम्बन्धमा नेपाल सरकार स्वास्थ्य मन्त्रालय स्वास्थ्य आपतकालिन कार्य संचालन केन्द्र (HEOC)को मिति २०७७/०५/२८ गतेको बैठकको निर्णय अनुसार कोभिड १९ संक्रमणको लक्षण देखिएका संक्रमणका शंकास्पद व्यक्तिहरुको मात्र आर.टी.पी.सि.आर परीक्षण गर्ने भनी कार्यादेश जारी भएकोले सोही बमोजिम पी.सि.आर परीक्षण लागि स्वाब संकलन हुने व्यहोरा सबैमा सुचित गरिन्छ, **साथै, लक्षण भएका संक्रमणका शंकास्पद व्यक्तिहरुले नजिकको स्वास्थ्य चौकी/आधारभुत स्वास्थ्य केन्द्रमा कार्यालय समयमा स्वास्थ्य जाच गराइ पी.सि.आर परीक्षण लागि नाम दर्ता गराउन हुन समेत जानकारी गरिन्छ ।**

नेपाल सरकार स्वास्थ्य मन्त्रालय स्वास्थ्य आपतकालिन कार्य संचालन केन्द्र (HEOC)को मिति २०७७/०५/२८ गतेको बैठकको निर्णय सम्मिलित पत्रको प्रतिलिपी समेत संलग्न राखिएको छ ।

दुहवी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
१ नं. प्रदेश
दुहवी, सुनसरी

विनोद कुमार न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य आपतकालीन तथा विपद व्यवस्थापन इकाई
Health Emergency and Disaster Management Unit (HEDMU)
स्वास्थ्य आपतकालीन कार्यसंचालन केन्द्र
Health Emergency Operation Center (HEOC)

फोन ०१-४२५०८४०
फ्याक्स ०१-४२५०८४८
रामशाहपथ, काठमाडौं

पत्र संख्या: ०७७ /७८
च.नं ३५४

मिति २०७७/०५/२८

डा. बासुदेव पाण्डे ।
डा. गणेश्वर गौतम ।
डा.रमेश खरेल ।
श्री रघुराम बिष्ट ।
डा. प्रदिप ग्याली ।

विषय: निर्णय कार्यान्वयन गर्नु गराउनु हुन ।

प्रस्तुत विषयमा माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्रीज्यूको समुपस्थितिमा मिति २०७७/५/२८ गते ICS का पदाधिकारी सहित कोभिड १९ को रोगको रोकथाम तथा नियन्त्रण सम्बन्धमा बसेको बैठकले गरेका निर्णयहरु कार्यान्वयन गर्न गराउनु हुन निर्देशानुसार अनुरोध छ ।

निर्णयहरु :

१) क्वारेन्टिन सम्बन्धमा:

- विदेशबाट नेपाल भित्रिने तथा एक जिल्लाबाट अर्को जिल्लामा जाने हरेक व्यक्तिहरुले १४ दिन अनिवार्य रुपमा क्वारेन्टिनमा बस्नु पर्ने व्यवस्था लागु गर्ने,
- सो अवधिमा कोभिडका कुनै पनि लक्षण तथा चिन्हहरु देखिएमा निःशुल्क परिक्षण गर्ने गरी निर्देशिका परिमार्जन गर्ने,
- कुनै पनि लक्षण तथा चिन्हहरु नदेखिएमा १४ दिनको क्वारेन्टिन अवधि पुरा भएपछि घर पठाइने व्यवस्था लागु गर्ने,

२) हवाईमार्गबाट नेपाल भित्रिने व्यक्तिहरुको क्वारेन्टिन व्यवस्थापन देहाय बमोजिम हुने:

- काठमाण्डौ उपत्यकामा घर भएका व्यक्तिहरुले स्थानीयतहको नियमित सम्पर्क र जानकारी उपलब्ध गराउने गरी घरमै क्वारेन्टिन बस्न अनुमति दिने,
- काठमाण्डौ उपत्यकामा घर नभएका र घरमा क्वारेन्टिन बस्न नसक्ने अवस्था भएमा तोकिएका होटेलहरुमा क्वारेन्टिन आफ्नै खर्चमा बस्ने व्यवस्था मिलाउने,
- खर्च व्यहोर्न नसक्ने व्यक्तिहरुको हकमा संस्थागत क्वारेन्टिनमा निःशुल्क बस्ने व्यवस्था मिलाउने

३) स्थलमार्गबाट नेपाल भित्रिने व्यक्तिहरुको हकमा देहाय बमोजिम व्यवस्थापन गर्ने:

- प्रवेश नाका भएको जिल्लामा घर भएका व्यक्तिहरुले स्थानीय तहको नियमित सम्पर्क र जानकारी उपलब्ध गराउने गरी घरमै क्वारेन्टिन बस्ने व्यवस्था मिलाउने

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य आपतकालीन तथा विपद व्यवस्थापन इकाई
Health Emergency and Disaster Management Unit (HEDMU)
स्वास्थ्य आपतकालीन कार्यसंचालन केन्द्र
Health Emergency Operation Center (HEOC)

फोन ०१-४२५०८४१
फ्याक्स ०१-४२५०८४:
रामशाहपथ, काठमाडौं

पत्र संख्याः ०७७ /७८
च.नं.

- उक्त जिल्लामा घर नभएका र घरमा होमक्वारेन्टिन बस्न नसक्ने अवस्था भएमा संस्थागत क्वारेन्टिनमा बस्ने व्यवस्था मिलाउने,

४) अन्तर जिल्ला आवागमनका हकमा देहाय बमोजिम व्यवस्थापन गर्नेः

- स्थानीय तहको नियमित सम्पर्क र जानकारी उपलब्ध गराउने गरी घरमै १४ दिन क्वारेन्टिन बस्ने व्यवस्था मिलाउने,
- क्वारेन्टिन सम्बन्धि व्यवस्था र मापदण्डहरू पालना नगर्ने व्यक्तिहरुलाई संक्रामक रोग ऐन २०२० अनुसार कारवाही गर्ने,

नोट : अत्यावश्यक सेवाका व्यक्तिहरुका हकमा यो लागू हुने छैन् तर जनस्वास्थ्यका तोकिएका मापदण्डहरु कडाईका साथ पालना गर्नु पर्नेछ,

५) कोभिड-१९ परिक्षण सम्बन्धमाः

- कोभिड-१९को लक्षण वा चिन्ह देखिएका व्यक्तिहरुमा मात्रै आर.टी पी.सि.आर परिक्षण गर्ने
- क्वारेन्टिनमा बसेका व्यक्तिहरू मध्ये कसैमा कोभिड-१९को चिन्ह वा लक्षणहरू देखिएमा मात्रै आर.टी पी.सि.आर परिक्षण गर्ने
  - अग्रपंक्तिमा खटिने स्वास्थ्यकर्मीहरू (खासगरी उपचारमा खटिने चिकित्सक, नर्स, प्रयोगशाला तथा सरसफाई कर्मचारीहरुमा) कुनै लक्षण वा चिन्ह देखिएमा वा व्यक्तिगत सुरक्षा सामग्रीहरू उपयुक्त ढंगले नलगेको शंका भएमा मात्रै आर.टी पी.सि.आर परिक्षण गर्ने
  - रोग प्रतिरोधी क्षमता सम्बन्धि कुनै समस्या (इम्युनोकम्प्रोमाइज्ड) भएका व्यक्तिहरुलाई आर.टी पी.सि.आर परिक्षण गर्ने

६) परिक्षण शुल्क सम्बन्धमाः

- माथि निर्णय नं. ५ मा उल्लेखित व्यक्तिहरुको परिक्षण निशुल्क हुने
- अन्य व्यक्तिहरुले परिक्षण गर्न चाहेमा आफ्नै खर्चमा गर्न पाउने
- कोभिड-१९ को पिसीआर परिक्षण शुल्क सबै प्रयोगशालाहरुका लागि सबै शुल्क सहित अधिकतम २०००।- (दुईहजार) तोकिएको छ ।

७) Antigen Test सम्बन्धमाः

एन्टिजेनमा आधारित परिक्षण हाललाई लक्षण तथा चिन्हहरू देखिएका देहाएका अवस्थामा गर्ने .

दुहबी नगरपालिका नगर कार्यपालिकाको कार्यालय १ नं. प्रदेश दुहबी, सुनसरी